# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं


मिति: २०७५।०६।१० गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

-----------------------------------------------

श्री बालज्योती प्राथमिक विद्यालय, शुक्रनगर, चितवनमा कार्यरत शिक्षिका शोभा खड्का (रायमाझी) ले नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी सेवामा कार्यरत रहेकोले छानबिन गरी आवश्यक कारवाही गरिपाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले बिहार संस्कृत शिक्षा बोर्ड, भारतबाट प्राप्त गरेको हाईस्कुल (SLC) तहको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी प्रावि (राहत कोटा) शिक्षक पदमा नियुक्ति लिइ लाभ लिएको देखिन आएको हुँदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर भएको देखिन आएको हुँदा भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता